# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

राष्ट्रिय साप्ताहिक

www.missionenews.com

सदाचारीलाई स्वागत
भष्ट्राचारीलाई बहिस्कार ।
भष्ट्राचार विरुद्ध शुन्य
सहनशिलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-४ | अंक-१८ | २०७६ मंसिर २५ गते बुधबार | 11 December 2019 Wednesday | मूल्य रु. १०/-


## जग्गा अधिग्रहण गर्दै फुकोट कर्णाली हाइड्रो

मिसन न्यूज

कालिकोट

फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाले जग्गा अधिग्रहण सुरु गरेको छ । आयोजनाको लागि आवश्यक कर्मचारी आवस गृह तथा कार्यलय भवन निर्माणका लागि सान्नी त्रिवेणी गाँउपालिका-२ रकुमा स्थानियको १ सय ३० रोपनी जग्गा अधिग्रहण गरेको हो । करिब ४ सय ८० मेगाबाट क्षेमताको उक्त आयोजनाको जलाशयबाट डुवान पर्ने जग्गा अधिग्रहणको प्रक्रियासमेत सुरु गरिएको छ ।

चालु आर्थिक वर्ष भित्रमा नै आयोजनाबाट डुवानमा पर्ने जग्गाहरु अधिग्रहण गरिसक्ने आयोजना प्रमुख हिरावान वाइवाले बताए । उनका अनुसार आयोजनाका लागि आवश्यक बजेट जुटेपछि पाँच वर्षभित्र निर्माणको काम पुरा हुनेछ । आयोजनाका लागि आवश्यक १ खर्व बजेटमा ३० अर्व बजेट नेपाल सरकार, कर्मचारी संचय कोषबाट प्राप्त हुनेछ भने बाँकी ७० अर्व बजेट अन्य दातृनिकायबाट लिनुपर्नेछ । कर्णालीको आर्थिक विकासको आधारका रुपमा हेरिएको उक्त आयोजनाको अध्ययनको काम अन्तिम चरणमा पुगेको छ । नेपाल सरकारको स्वामित्व रहेको विद्युत उत्पादन कम्पनी लिमिटेडले उक्त जलविद्युत आयोजनाको अध्ययनको काम अन्तिम चरणमा पुगेको जनाएको हो । नेपाल सरकारको नेपालको पानी जनताको लगानी, हरेक नेपाली विद्युतको शेयर धनी भन्ने मुल नाराका साथ उज्यालो नेपाल अभियानमार्फत राज्यलाई आत्मनिर्भर, समुन्नत र समृद्ध बनाउने लक्ष्यसहित २०७३ सालमा विद्युत उत्पादन कम्पनी लिमिटेडको स्थापना गरेको थियो ।



फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको बाँध निर्माण हुने स्थान । तस्विर : मिसन न्यूज

जसमा नेपाल सरकार, विभिन्न संघसंस्था र सर्वसाधारण नागरिकहरुको पनि लगानी गरेको छ । जुन कम्पनी अन्तर्गत नेपालका ६ वटा विद्युत आयोजनाहरु रहेको छन् । जसमा फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजना एक हो । यो आयोजना सरकारको प्राथमिक्तामा परेको आयोजना हो । फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाले राष्ट्रको ढुकुटीमा बृद्धि गर्नुका साथै कालिकोट र कर्णालीवासीको आर्थिक समृद्धि हुने अपेक्षा गरिएको छ ।

## चिसोले आगो बालेरै परीक्षा सञ्चालन

मिसन न्यूज

सुर्खेत

कर्णाली प्रदेशका हिमाली जिल्लामा वर्षासँगै हिमपात भएको छ । सुर्खेतमा बिहानैदेखि अविरल वर्षा भइरहेको छ । हिमाली भेकमा हिमपात हुन थालेपछि सामुदायिक विद्यालयबाट वार्षिक परीक्षा दिने बालबालिकालाई निकै सास्ती भएको छ । यही मङ्सिर १९ गतेदेखि जुम्लाका एक नगरपालिका र सात गाउँपालिकामा सञ्चालन भएको वार्षिक परीक्षा हिमपातले प्रभावित बनेको छ ।

परीक्षा सञ्चालन भइसकेको र रोक्न नमिल्ने भएकाले आगो बालेरै भए पनि परीक्षा सञ्चालन भइरहेको तिला गाउँपालिका- ४ नाभीडाँडा आधारभूत विद्यालयका शिक्षक तेजबहादुर शाहीले जानकारी दिए । 'बाहिर हिउँसँगै पानी परिरहेको छ । चिसोले बालबालिकाको हात कठ्याङ्गिन थालेपछि आगो बालेरै परीक्षा सञ्चालन गरेका छौं,' शिक्षक शाहीले भने, 'वर्षेनी जाडो र हिमपात



भइरहँदा बालबालिकालाई परीक्षा दिन कष्ट हुने गर्दछ ।' स्थानीय सरकारले आगामी वार्षिक परीक्षालाई अगाडि सारे विद्यार्थीले यो समस्या भोग्नुनपर्ने उनको भनाइ थियो । चन्दननाथ नमूना मावि खलङ्गाका प्रधानाध्यापक टङ्कबहादुर महतले भारी हिमपातले थरथर काँपेर परीक्षार्थी लेख्न बाध्य भएका बताए । राससरसँग कुरा गर्दै प्रधानाध्यापक महतले भने, 'चन्दननाथ नगरपालिकाको निर्देशनबमोजिम हामीले यही

बाँकी ८ पेजमा.....

## आठ कृर्षि फर्म सम्मानित

सुर्खेत - किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम (केयूबिके) ले कर्णालीका उत्कृष्ट आठ कृषि फर्मलाई सम्मानित गरेको छ । परियोजना अन्तर्गत उत्कृष्ट काम गर्ने पशुपालन तथा बीउ




उत्पादन व्यवसायीलाई मंगलवार वीरेन्द्रनगरमा एक औपचारिक कार्यक्रमका बिच सम्मानित गरेको हो । किसानका लागि उन्नत बिउ बिजन कार्यक्रम व्यवस्थापन कार्यालय जानकीनगर रुपन्देहीले प्रदेशका सल्यान र रुकुम पश्चिमका जिल्लामा सक्रिय रुपमा कृर्षि फर्म चलाईरहेका व्यवसायीहरुलाई सम्मान गरेको हो । सम्मानित हुनेमा पशुपालन व्यवसाय गरेका युवा जागरण बाख्रा पालन फार्म त्रिवेणी गाउँपालिका ६ सल्यान, डांगी सप्लायर्स बागचौर नगरपालिका २ सल्यान, रविना डेरी उद्योग मुसीकोट नगरपालिका ४ रुकुम पश्चिम, मखमली महिला बाख्रापालन समूह त्रिवेणी गाउँपालिका २ रुकुम पश्चिम रहेका छन् ।

यस्तै बिउ उत्पादनतर्फ जनसेवी कृषि सहकारी संस्था सारदा नगरपालिका १ सल्यान, मोनारिस आलु बीउ उत्पादन कृषक समूह छत्रेश्वरी गाउँपालिका ९ सल्यान, खाद्यान्न बीउ उत्पादन महिला कृषक समूह मुसिकोट नगरपालिका ४ रुकुम पश्चिम र समशितोष्ण उन्नत तरकारी बीउ उत्पादन सहकारी संस्था लिमिटेड चौर जाहारी नगरपालिका १० रुकुम पश्चिम रहेका छन् । सम्मानित हुनेहरुलाई परियोजनाका संयोजक कौशल कुमार पौडेल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव राजेन्द्र प्रसाद भारीले सम्मान पत्र, खादा सहित नगद ८ हजार रुपैयाँ पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा परियोजनाले गरेका सात वर्षसम्मका प्रगति प्रतिवेदनहरु समेत प्रस्तुत गरिएको थियो ।

# सम्पादकीय...

## आशा जोगाऔं

जनतामा निराशा जगाउँछ । शासन व्यवस्थाको विरोधमा रहेकाहरूले केही पनि भएन, मुलुक बर्बादै भयो भन्ने प्रचार गर्नु स्वाभाविक हो । राष्ट्रियता र धर्म संस्कृति नष्ट गरेको भन्दै त्यतिवेला योगी नरहरिनाथको नेतृत्वमा ठूलै आन्दोलन गरिएको थियो । अहिले मूल्यांकन गर्दा थाहा हुन्छ त्यतिवेलाको सरकारले मुलुकको राष्ट्रियता संवर्द्धन तथा आर्थिक विकासको जग बसाउन ठूलो योगदान गरेको रहेछ । तर, राष्ट्रियता र धर्म संस्कृतिविरुद्ध सरकार क्रियाशील रहेको प्रचारका कारण राजा महेन्द्रलाई प्रजातन्त्र अपहरण गर्न सजिलो भयो । जननिर्वाचित सरकार साँच्चै नै गलत दिशामा गएको रहेछ कि, भन्ने भ्रममा जनता परे । त्यस्तो भ्रम अहिले पनि छर्ने कोसिस भइरहेको छ । गणतन्त्र स्थापना भएयता १२ वर्षको अवधिमा सकारात्मक काम हुँदै भएनन्, खाली बिगारियो मात्रै भन्ने प्रचार व्याप्त छ । यस्ता प्रचारले जनतामा निराशा छाउँछ, प्रतिगामी शक्तिले फाइदा उठाउँछ ।

आर्थिक लगानी मात्रै भइरहेको तर लगानीले प्रतिफल दिन थालिनसकेको अवधि हो यो । लगानी भएका आयोजनाहरूले जब प्रतिपल दिन थाल्छन् तब मात्र सरकारले सामाजिक सुरक्षाका लागि आवश्यक प्रबन्ध गर्न सक्छ । सय वर्षअघि नै विकासका पूर्वाधार सम्पन्न गरी प्रतिफल लिन थालिसकेका मुलकहरूसँग तुलना गर्दै यो भएन, ऊ भएन भनेर सरकारलाई राजनीतिक दललाई गाली गर्ने प्रवृत्ति प्रति होसियार हुनु जरुरी छ । तर, भ्रष्टाचारको जालो तोड्न भने ढिलाइ भइसकेको छ ।

मुलुकले केही पनि प्रगति गर्न सकेन, दलहरूले देश डुबाए, नेताहरू भ्रष्टाचारमा चुर्लुम्म डुबे, धर्म संस्कृति समाप्त पारे भन्ने आरोपहरू पछिल्ला समयमा बढेर गएका छन् । भ्रष्टाचारको जालोले यसरी नै निरन्तरता पायो भने मुलुक जतिसुकै धनी भए पनि जनताले सुख शान्ति पाउँदैनन् । मुलुकमा दशकौं अघि सुरु भएका कतिपय विकास आयोजनाहरू तेब्बर समय तथा तेब्बर लागत पुग्दा पनि सम्पन्न हुन नसक्नुको मुख्य कारण भ्रष्टाचारको जालो नै हो । यो जालो तोड्न सक्ने भनेको बलियो सरकारले हो । सौभाग्यबस मुलुकमा यतिवेला दुईतिहाइ बहुमतको बलियो सरकार छ । यतिवेला पनि जनतामा आशा जाग्न सकेन भने गणतन्त्र संस्थागत हुन सक्दैन ।

# स्वास्थ्य विज्ञान प्रतिष्ठानको हाताभित्र निजी मेडिकल

**मिसन न्यूज**
**जुम्ला**

जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले अदालतले गरेको आदेशको उल्लंघन गरेको छ। जुम्ला स्थित प्रतिष्ठानको अस्पताल हाताभित्र निजी मेडिकल सञ्चालन गरेर अदालतको आदेशको उल्लंघन गरेको हो । साथै 'अस्पताल फार्मेसी निर्देशिका २०७०' को पालला नगरी




निजी फार्मोसी सञ्चालन गरेर चर्को मूल्यमा औषधी पनि बिक्री गरिरहेको छ । २०७२ साल असार १३ मा सर्वोच अदालतले सबै अस्पतालबाट फार्मेसी सञ्चालन गर्ने, सरकारबाट घोषित निशुल्क औषधी वितरणको व्यवस्था गर्नुपर्ने, कुनै पनि व्यक्तिलाई भाडा वा ठेक्कामा हाताभित्र खोल्ल नदिने निर्णय गरेको थियो । तर कर्णाली स्वास्थ्य विज्ञानले भने यस आदेशको पालना गरेको छैन । सञ्चालन गरेको फार्मेसि पनि सानो र सेवाग्राहीले राम्रोसँग नदेख्ने ठाँउमा राकेको छ। २०६८ सालमा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएपछि जुम्ला स्थित कर्णाली अञ्चल अस्पताल, अस्पताल परिसरमा भएका अन्य संघ-संस्था र सेवा प्रदायक निकायले स्वास्थ्य विज्ञान प्रतिष्ठानको मातहतभित्र रहेर काम गर्ने व्यवस्था गरिएको थियो । अरु सबै भवन र कार्यक्रमहरु प्रतिष्ठानको मातहतमा आए पनि रेडक्रसको भवनमा भने रेडक्रसले आफैं ब्लड बैंक स्थापना गर्ने भनी राखेको थियो । उक्त भवनमा ब्लड बैंक स्थापना नगरी अस्पताल र रेडक्रसको मिलोमतोमा निजी मेडिकल सञ्चालन गरिँदै आएको छ । प्रतिष्ठानका रजिस्टार विश्वराज काफ्लेले आफूले पत्र लेखे पनि रेडक्रसको सम्झौताले भएकोले त्यो रेडक्रसले हटाउनुपर्ने भन्दै आएका छन् । रेडक्रसका सभापति लोक दर्शन श्रेष्ठ भने मेडिकलसँग त्यस्तो कुनै सम्झौता नभएको र अस्पतालको कमजोरीले नहटेको बताउँछन् । मेडिकल सञ्चालक आफ्नो सम्झौता अझै तीनवर्ष बाँकी रहेको भन्दै जान मानिरहेका छैनन् । यसरी खुलेआम उपभोक्ता ठगिनु अदालतको निर्णाय विपरीत भएको भन्दै जुम्ला अदालतमा रिट पर्दासमेत अस्पताल प्रशासन र निजी मेडिकलले अटेर गर्दा कानुनी राज्यको खिल्ली उडेको अधिवक्ता अनिता तिमिल्सेनाले बताईन् ।


### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# कलियुगमा के हुँदै छ ?



बबिता बस्नेत

बनवास जानुअघि महाभारतमा पञ्च पाण्डवले श्रीकृष्णलाई सोध्छन्– कलियुग कस्तो हुन्छ ? कलियुगमा मान्छेका विचार कस्ते हुन्छन् ? जवाफमा कृष्णले युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव पाँचै भाइलाई केही क्षण बाहिर फरकफरक स्थानमा गई जे देखिन्छ अवलोकन गरेर फर्कन भन्छन् । बाहिर आफूले देखेको दृश्य वर्णन गर्ने क्रममा युधिष्ठिरले भने- मैले दुई सुँढ भएको अचम्मको हात्ती देखें, यसको अर्थ के हो ? जवाफमा कृष्ण भन्छन्- 'यसको अर्थ हो कलियुगमा धेरै बोल्ने, बाहिर एउटा कुरा बोल्ने, तर कामचाहिँ अर्कै गर्ने मानिसले राज गर्छन् ।'

अहिले व्यवहारमा यस्तै भइरहेको छ । राज्य सञ्चालनको उपल्लो तहमा बसेकाहरूले नबोली चुपचाप काम गरिदिए हुन्थ्यो, कामकै माध्यमबाट बोलिदिए हुन्थ्यो जस्तो लाग्छ, तर भाषणमा नै धेरैले आफ्नो समय खर्च गरिरहेका छन । समय बिताइरहेका छन् । युधिष्ठिरपछि भीम आफूले देखेको दृश्यबारे भन्छन्– मैले पक्षीले मान्छेको कङ्काल खाइरहेको देखें । अचम्म त के भने ती पक्षीका पखेटामा वेदका ऋचा लेखिएका थिए, यसको अर्थ के हो ? जवाफमा कृष्णले भने- 'कलियुगमा पढे-लेखेका विद्वान् भनिने मानिसहरू यति लालची हुन्छन् कि उनीहरूको दृष्टि सधै धन, सम्पत्ति र पदमा हुन्छ । उनीहरू आफूले शिक्षामार्फत पाएको बुद्धि प्रयोग गरेर केही गर्नेभन्दा पनि राज्यको सम्पत्तिमा आँखा लाउँछन् ।' अहिले यसो हेर्दा पढेलेखेका मानिने कर्मचारीलगायतका मानिसको आँखा अवकाश पाएपछि पनि पदमै देखिन्छ । यहाँ हुन्छ कि त्यहाँ हुन्छ, आफ्नै पेसा, व्यवसाय गरेर खान सक्नेलाई पनि राजनीतिक नियुक्ति नै चाहिएको छ । विद्वानहरुलाई सेवा, सुविधा, गाडीदेखि औषधि-उपचार हुँदै आफ्नो सम्पूर्ण खर्च राज्यले व्यहोरिदिने खालको पद चाहिएको छ । भीमपछि अर्जुनको पालो आयो । उनले भने- मैले जङ्गलमा भर्खरै ब्याएको गाई र बाच्छो देखें । अचम्म त के भने गाईले बाच्छोलाई यसरी चाटिरहेको थियो कि बाच्छोको शरीरबाट रगत आइरहेको थियो, यसको अर्थ के हो ?

जवाफमा कृष्ण भन्छन्- 'कलियुगमा मानिस आफ्ना सन्तानप्रति यति आसक्त हुन्छन् कि ती सन्तान आफैँले केही गर्नै सक्दैनन् । आफ्नै बाबुआमाले मायाले चाटेर सन्तानलाई केही गर्न नसक्ने बनाउँछन् ।' अहिले वास्तविकतामा के भइरहेको छ केही भनिरहनै पर्दैन । पहिलापहिला पाँच वर्ष भएपछि आफ्ना सन्तानलाई घर छोडेर एक्लै गुरुकुल पठाइन्थ्यो । अहिले स्कुल त के कलेज पढ्ने छोराछोरीलाई बाबुआमा गाडीमा राखेर कलेज छोड्न पुग्छन् । छोराछोरीलाई ओथारो राखेभैँ गरी बाहिरी संसार बुझ्नै नदिई छोप्नेहरूको सङ्ख्या ठूलो छ । जसले ती सन्तानलाई बाहिरी संसारमा आफैँले केही गर्न नसक्ने गरी हतोत्साही बनाइरहेको छ । हामी जङ्गलका बिरुवाभैँ घामपानी, शीत खाँदै हुर्कियौँ, दुःखसुख गर्‍यौं । सानातिना असिनाले हाम्रो पुस्तालाई छुँदैन, तर अहिले हाम्रा सन्तान वृक्षको ओतमा हुर्किएका, छुँदै उखेलिने बिरुवाभैँ पिलपिल गर्दै हुर्किंदै छन् । यद्यपि हामी पनि कलियुगकै हौँ, तर युग अघि बढ्दै जाँदा यो भनाइले भन् मूर्तरूप लिइरहेको छ । अर्जुनपछि पालो आयो नकुलको । उनले भने- मैले देखेको दृश्य वरिपरि ससाना कुवाले भरिएको ठाउँ थियो जहाँ बीचमा ठूलो गहिरो कुवा थियो । अचम्म त के भने ती साना कुवा पानीले भरिएका थिए, तर त्यो गहिरो ठूलो कुवा पानीविहीन सुक्खा थियो । जवाफमा कृष्णले भने- 'यसको अर्थ कलियुगका मानिसहरूले विवाहमा करोडौं खर्च गर्नेछन् । विवाहजस्तो कुराका लागि टाढाटाढाका मानिस बोलाएर भोजभतेर गरिनेछ । भोजमा मदिरा र थरीथरीका मासु हुनेछन् । सुन्दरतामा पैसा खर्च गरिनेछ । टाढाका मानिसलाई खान बोलाइए पनि आफैं वरिपरिका गरिब मानिसको भने वास्ता गरिनेछैन, उनीहरूलाई भोजमा बोलाइनेछैन । भोका मानिसहरूले ठूला भोजहरू खान पाउने छैनन् ।'

पाँच हजार वर्षअघि महाभारतमा बोलिएको यो संवाद अहिले हुबहु मिलेको छ । विवाहजस्तो सामान्य कार्यमा मानिसले यति खर्च गर्न थालेका छन् कि निम्ता कार्ड नै कस्ता-कस्ता, मदिराबिनाका विवाह पार्टीहरू भेटिन मुस्किल छ । आफन्त र नातेदारहरूबीच सानो समारोहमा हुनुपर्ने विवाह कुनै नाता-सम्बन्ध नभएका सार्वजनिक व्यक्तित्वको भिड जुटाएर गर्न थालिएको छ । विवाहकै लागि मानिसले पोसाक र मेकअपमा पैसा खर्च गर्छन् भनेर पनि त्यतिबेलै भनिएको रहेछ । साधुसन्त, दुःख पाएका, भोका मानिसलाई भोजमा बोलाएको देखिँदैन । अन्त्यमा नकुलले भने- मैले हेर्दाहेर्दै एउटा ठूलो चट्टान पहाड र ठूला वृक्ष हुँदै अघि बढ्यो । पहाडले पनि चट्टानलाई रोक्न सकेन । जवाफमा कृष्णले भने- 'कलियुगमा मानिसको बुद्धि क्षीण हुन्छ । धन र सत्ता भनेपछि कसैको पनि मन रोकिन सक्दैन ।' अहिले हामी भोलि के हुन्छ भनी भन्न सक्ने अवस्थामा छैनौं । पाँच हजार वर्षअघि महाभारतमा लेखिएका कुराहरू अहिले पनि उत्तिकै सान्दर्भिक छन् । त्यतिबेला गरिएका भविष्यवाणीहरू अहिले जस्ताको तस्तै लागू भइरहेका छन् । सत्ययुग अहिलेसम्मको राम्रो युग थियो भनिन्छ । त्यतिबेला मानिसको आयु लामो थियो र उनीहरूको उचाइ पनि अग्लो थियो भन्ने छ । त्रेता युगमा देवताले मान्छेको रूपमा जन्म लिए, रामलाई त्रेता युगका मानवरूपी भगवान् मानिन्छ । जनकपुरसँग रामको इतिहास (वैवाहिक सम्बन्ध) जोडिएकाले नेपालीको रामसँग फरक भावनात्मक सम्बन्ध गाँसिएको छ । द्वापरयुग महाभारतकालीन युग हो जुन युग कृष्णसँग जोडिएको छ । विराट राजाको दरबारमा पाण्डवहरू गुप्तवास बसेको स्थान अहिलेको विराटनगर नै हो भन्ने छ । पाण्डवहरू पुगेको स्थान भनिएको दैलेखको पञ्चदेवलमा अहिले पनि देवलहरू छन् ।

द्वापरयुगपछि अहिले हामी कलियुगको पहिलो चरणमा छौं । कलियुगमा महिलाले पुरुषलाई जित्ने, ब्राह्मणका छोराछोरी शूद्रले विवाह गर्ने, शूद्रका छोराछोरी ब्राह्मणले विवाह गर्ने (अहिलेको अन्तरजातीय विवाह) मानिसहरूको उचाइ घट्दै जाने, अग्ला मान्छे देख्न मुस्किल पर्ने, जनावरको पनि उचाइ घट्ने, मानिसहरूले शास्त्र पढ्न छोडेर अश्लील कुरा पढ्नमा रुचि राख्ने, महिलाहरू बढी बोल्ने (महिलाहरू मौन रहने समयमा लेखिएको) लगायतका कुरा उल्लेख छ ।

साथै अन्न उत्पादन नहुने, गाई लोप हुने, रूखमा फल नलाग्ने, मानिसको मनमा पाप बढ्दै जाने, धर्मको कुरा गर्ने मानिस भेट्न मुस्किल हुने, दाजुभाइबीच भगडा हुने, मानवता नष्ट हुने, मानिसको आयु घट्ने, पृथ्वी तातो हुने, पानीका मुहानहरू सुक्ने, पानीको हाहाकार हुने उल्लेख छ । लेखक : उनी महिलाकर्मि हुन् । घटना र विचारबाट

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

२. साभँ पख सधै ज्वरो आउनु ।

३. खाना खान मन नलाग्नु ।

४. तौल(वजन) घट्नु ।

५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔ ।


नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

# अहिले सम्मकै उच्च भ्रष्टाचारमा कर्णाली

मिसन न्यूज
सुर्खेत

कर्णाली प्रदेशमा भ्रष्टाचार बढेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतले जनाएको छ। अख्तियारको कार्यालय सुर्खेतमा आर्थिक वर्ष २०७६/७७ मा जम्मा ११८ उजुरी परेका छन। जसमध्य २७ ओटा उजुरी फछर्यौट भएको जनाइएको छ। ९१ उजुरी माथी अनुसन्धान भैरहेको अख्तियार सुर्खेतका सुचना अधिकारी मेघनाथ सापकोटाले जानकारी दिनुभयो। प्रदेश मन्त्रालय अन्तरगत सबै भन्दा धेरै उजुरी उद्योग बन तथा बाताबरण मन्त्रालयमा परेका छन। वन मन्त्रालयका विरुद्ध ६३ उजुरी परेकोमा १५ ओटा फछर्यौट भएको कार्यालयको तथ्याङ्कमा छ। ४८ उजुरी उपर अनुसन्धान भैरेहेको छ। कर्णाली प्रदेशको भौतिक पुर्वाधार विकास मन्त्रालयमा सबै भन्दा कम ८ उजुरी परेका छन।




भैतिक पूर्वाधार विकास मन्त्रालयको भौतिक पुर्वाधार तथा यातायात मा ३ , खानेपानी र सहरी विकासमा २ उजुरी परेका छन। भैतिक मन्त्रालयमै सिंचाई तर्फमात्र १ उजुरी परेको मा खानेपानी र सहरी विकास तर्फको एउटा उजुरी किनारा लगाईएको कार्यालयले जनाएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुर्खेत कार्यालयले आर्थिक वर्ष २०७६/७७ को कार्तिक मसान्त सम्म उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका विरुद्ध २३ उजुरी परेकोमा ४ ओटाको फछ्र्यौट भएको र १९ ओटा बाँकी रहेको जनाएको छ। कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय विरुद्ध १७ ओटा भ्रष्टाचारका उजुरी परेका छन। जसमध्य ७ ओटा फछ्र्यौट भएको र १० ओटामा अनुसन्धान भैरहेको प्राप्त विवरणमा भनिएको छ। त्यस्तै कर्णाली प्रदेश कृषि तथा सहकारी मन्त्रालय मा ७ ओटा उजुरी परेका छन। जसमध्य कृषि तथा पशुपंक्षी विकास तर्फ ४ उजुरी परेका छन। ७ ओटै उजुरी उपर अनुसन्धान भैरेहेको कार्यालयले जनाएको छ। कर्णालीका १० जिल्ला मध्य सबै भन्दा धेरै उजुरी दैलेखका स्थानिय तह विरुद्ध परेका छन। सबैभन्दा बढी उजुरी दैलेखका स्थानीय तहविरुद्ध परेका छन्।

दैलेखका ११ स्थानीय तहविरुद्ध ७५ उजुरी परेका छन्। भने प्रदेश राजधानी सुर्खेतका ९ स्थानीय तहविरुद्ध ४५ वटा उजुरी परेको अख्तियारले जनाएको छ। कालिकोट जिल्लाका नौवटा स्थानीय तहविरुद्ध अख्तियारमा ४१ वटा उजुरी परेका छन्। अख्तियारले ती उजुरीमध्ये ६ वटाको मात्रै फर्छ्यौट गरेको छ भने ३५ वटा अनुसन्धानको क्रममा रहेको बताएको छ। सल्यान जिल्लाका १० वटा स्थानीय तहका विरुद्ध अख्तियारमा जम्मा २८ उजुरी आएकोमा १२ उजुरी फर्छ्यौट भएको छ भने १६ उजुरीको अनुसन्धान भइरहेको कार्यालयले जनाएको छ। यस्तै मुगु जिल्लाका स्थानीय तहविरुद्ध १२ उजुरी परेका छन्। तीमध्ये २ वटा उजुरी फर्छ्यौट भएकोमा १० वटा बाँकी छन्।

मुगु कार्मारोड गाउँपालिकाविरुद्ध भने एउटा पनि जुरी नपरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतका सुचना अधिकारी मेघनाथ सापकोटाले जानकारी दिनुभयो। सापकोटाका अनुसार डोल्पाका ८ स्थानीय तहबाट ९ वटा उजुरी अख्तियारमा परेका छन्। तीमध्ये २ वटा उजुरी फर्छ्यौट भई ७ वटा फर्छ्यौट हुन बाँकी छन्। जिल्लाका चारवटा स्थानीय तहविरुद्ध एउटा उजुरी पनि परेको छैन। जुम्ला जिल्लाका स्थानीय तहबाट अख्तियारमा २९ उजुरी परेकोमा ५ वटा फर्छ्यौट भएको र २४ वटा उजुरी अनुसन्धानकै क्रममा रहेका छन्। रुकुम पश्चिमका स्थानीय तहका विरुद्ध २७ उजुरी अख्तियारमा परेका छन।

जसमध्ये ११ वटा उजुरी फर्छ्यौट भएका छन्। १६ वटा अनुसन्धानकै क्रममा रहेको सापकोटाले जानकारी दिनुभयो। जाजरकोट जिल्लाका स्थानीय तहविरुद्ध ३८ उजुरी अख्तियारमा परेका छन्। तीमध्ये ७ वटा उजुरी फर्छ्यौट भई ३१ वटा उजुरी अनुसन्धानकै क्रममा रहेका छन्।


## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं।

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

# आगोले ध्वस्त खाँडामा धारा निर्माण हुदैं

मिसन न्यूज

सुर्खेत

जिल्लाको आगलागीबाट गाँउनै सखाप भएको पलाता गाँउपालिका वडा नं १ खाडागाउँमा एक घर एक धारा निर्माण सुरु भएको छ। जिल्लाकै विकट क्षेत्रको रुपमा रहेको यस गाउँमा अघिल्लो वर्षको पुष महिनाको ८ गते आगलागीबाट



खाडागाउँको पुरै बस्ती नै सखाप भएको थियो। आगलागी पछि पिडितहरुलाई आवसको लागि कर्णाली प्रदेश सरकार र गाँउपालिकाले घरनिर्माण गरिरहेको छ। योसंगै पीडित बस्तीलाई मध्यनजर गर्दै यस गाउँपालिकामा कार्यरत स्थानिय गैह्रसर कारी संस्था हुरेन्डेक नेपाल, कालिकोटद्वारा संचालित क्याफ्स कर्णाली परियोजना मार्फत प्रत्येक घरमा धारा निर्माण कार्यलाई अगाडी बढाएको छ। गाउँपालिका उपाध्यक्ष दान न्यौपानेले एक कार्यक्रमकाबिच खानेपानी धाराको शिलान्यास गरेकी छन्। परियोजनाबाट १ सय २० घरधुरी प्रत्यक्ष लाभान्वित हुने भएका छन्। १ करोड १५ लाख २१ हजार ७ सय १५ रुपैयाँको लागतमा निर्माण हुने परियोजनामा १ सय २२ वटा धार ासहित १ वटा निर्माण हुने छन्। निर्माण गरिने १२२ वटा खानेपानीका धारा मध्ये १२० वटा धारा प्रत्येक घरमा रहने छन् भने १ वटा धारा विद्यालयलाई र १ वटा धाराखर्क (मौसमी बसाई गर्ने ठाँउमा उपलब्ध रहने छन्। तिन महिनामा सम्पन्न गर्ने उद्देश्यका साथ संचालित उक्त परि योजनामा जम्मा १ सय २१ जना व्यक्तीले तिन महिनाका लागि रोजगार पाउने भएका छन्। खानेपानीको शिल्यानेश गदै गाउँपालिका उपाध्यक्ष दाना न्यौपानेले, अनुकुलन कोषको आर्थिक सहयोग तथा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय र विश्वखाद्य कार्यक्रमको कार्यन्वयमा संचालित क्याफ्स कर्णाली परियोजनाले सार्वजनिक पुर्वाधार निर्माण कार्यमा गाउँपालिलाई विशेष सहयोग गर्दै

बाँकी ८ पेजमा.....

# मानसिक रोगीको संख्या बढ्दो

मिसन न्यूज

सुर्खेत

पछिल्लो समयमा नेपालमा मानसिक रोगीको सङ्ख्या बढ्दो अवस्थामा रहेको तथ्याङ्क सार्वजनिक हुने गरेका छन्। कर्णाली प्रदेशमा पनि यो रोगीको सङ्ख्यामा कमी छैन। नागरिकमा मानसिक रोग बढ्दै जाँदा समाज विकासमा त्यसको प्रत्यक्ष देखिन्छ।' त्यसपछिका वर्षहरुमा पनि यो सङ्ख्यामा कमी नआएको उनको भनाइ छ। उनका अनुसार मानसिक रोगका कारण हरेक दिन १४-१६ मानिसको मृत्यु आत्महत्याका कारण भइरहेको छ। त्यो अवस्थालाई अध्ययन गर्दा मानसिक रोगका बिरामीहरु तुलनात्मक रुपमा गाउँभन्दा शहरमा बढी भएको पाइएको छ। कर्णाली प्रदेश



असर पर्न थालेको छ। मानसिक रोगको बेलैमा उपचार सेवा प्रवाह नहुँदा यो आत्महत्यामा रुपान्तरण हुने गरेको छ। यद्यपि यो रोग प्रत्यक्ष परोक्षरुपमा मुलुक विकासको बाधक बनिरहेकोप्रति सरोकारवालाको ध्यान गएको पाइदैन। मानसिक रोग, यसले पार्ने असर र समाधानका बारेमा तीनै तहका सरकार गम्भीरताका साथ लाग्नुपर्ने मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपालका कार्यक्रम अधिकृत हिमालले गैरेले बताए। 'मानसिक रोगकै कारण आत्महत्याका घटना बढिरहेका छन्', उनले भने, 'आर्थिक वर्ष २०६१/६२-२०७१/७२ दशकमा २९ हजार ९०५ जनाले आत्महत्या गरेको सार्वजनिक तथ्याङ्कलाई हेर्दा मूल कारण मानसिक रोग अस्पताल सुर्खेतका मनोराग विशेषज्ञ डा सुशील समदर्शीले घरेलु तथा लैङ्गिक हिंसा, बालविवाह, बेरोजगारी, वैदेशिक रोजागर, गरीबी, अशिक्षा, जातीय एवं लैङ्गिक विभेद, सामाजिक सञ्जालको प्रयोगले समेत मानसिक रोगी बढेको जानकारी दिए। 'एक दिनमा १५-२० जना मानसिक रोगी सम्पर्कमा आउँछन्,' डा.समदर्शीले भने, 'यसले वर्षमा सात हजारभन्दा बढी मानसिक रोगी सुर्खेतमा मात्र आउने गर्छन्।' उनले अगाडि भने, 'अस्पतालमा प्रतिदिन दुई/तीन जनाले आत्महत्या प्रयास गरेका घटनाहरु आइरहन्छन्। चालू आव २०७६/७७ को मङ्सिरसम्म एक हजार ४५३ मानसिक रोगीको उपचार गराइएको प्रदेश अस्पतालको जनाएको छ। ती मानसिक

बाँकी ८ पेजमा.....

# ३ जिल्लामा ३ वर्षभित्र पूर्ण विद्युतीकरण गरिने

मिसन न्यूज

सुर्खेत

आगामी तीन वर्षभित्र कर्णाली प्रदेशका तीन जिल्लालाई पूर्ण रुपमा विद्युतीकरण गरिसक्ने लक्ष्य राखिएको छ। सामुदायिक विद्युतीकरण कार्यक्रमले कर्णालीका सुर्खेत, दैलेख र जाजरकोटलाई उक्त अवधिमा पूर्ण विद्युतीकरण गरी उज्यालो जिल्ला घोषणा गर्ने लक्ष्य लिएको हो।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ नेपालका अध्यक्ष नारायण ज्ञवालीले पूर्ण विद्युतीकरणको लक्ष्य हासिल गर्न गत आर्थिक वर्षदेखि सुर्खेत र दैलेखमा सामुदायिक विद्युतीकरणमार्फत् विद्युतलाइन विस्तारको काम



भइरहेको जानकारी दिए। उनका अनुसार दैलेखका नारायण नगरपालिका, गुराँस गाउँपालिका, भगवतीमाई गाउँपालिका, महाबु गाउँपालिका, भैरवी गाउँपालिका र नौमूले गाउँपालिका तथा सुर्खेतका सिम्ता गाउँपालिका, गुर्भाकोट नगरपालिका, भेरीगंगा नगरपालिका र चिंगाड गाउँपालिकामा यो कार्यक्रम लागू छ। सुर्खेतको चिंगाड गाउँपालिकामा चिंगाड विद्युत् सहकारी संस्थामार्फत विद्युतीकरण कार्य सञ्चालन भइरहेको छ। जाजरकोटमा पनि चालू आवमै सामुदायिक विद्युतीकरणमार्फत विद्युत् सेवा विस्तार गर्ने तयारी थालिएको छ। हाल ५३ जिल्लामा लागू भएको सामुदायिक विद्युतीकरण परियोजनामा समुदायको १०, सम्बन्धित स्थानीय तहको १० र सङ्घीय सरकारको ८० प्रतिशत लगानी छ। 'सरकारको तीन वर्षभित्र पूर्ण विद्युतीकरण गरिसक्ने लक्ष्य

बाँकी ८ पेजमा.....

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौँ, गराऔँ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# जुम्लाको सिञ्जा नयाँ गन्तव्य बन्दै


मिसन न्यूज
जुम्ला

नेपाल भ्रमण वर्ष २०२० नजिकिदो छ। भ्रमण वर्षलाई नै लक्षित गरी गत वर्ष नै सरकारले सय नयाँ गन्तव्य तोकिसकेको छ। ती सय गन्तव्य मध्ये एक हो। नेपाली खस भाषाको उद्गम थलो सिञ्जा उपत्यका। न देश कै प्रमुख पर्यटकीय



स्थल रारा पुग्ने मुल बाटो सिञ्जा भएरै जान्छ। यस उपत्यकाकलाई कर्णाली प्रदेशको समेत उत्कृष्ट नयाँ गन्तव्यको रुपमा समावेश गरिएको छ। तर पछिल्लो समय भने सिंजाको परिचय बदलिएको छ। सरकारले सय गन्तव्यमा समावेश गरेपछि देशभरबाट विषेश गरी डकुमेन्ट्री निर्माण गर्नको लागि सिञ्जा गन्तव्यको रुपमा विकास हुन थालेको छ। यहाँको भाषा, सस्कृति र रितीरिवाज र चालचलनका विषयमा आधारित डकुमेन्ट्री बनाउनेहरुले सिञ्जालाई रोज्न थालेका हुन्। सडक सञ्जालको समेत पहुँज बढेपछि कर्णालीको उत्कृष्ट गन्तव्यका साथै डकुमेन्ट्री निर्माण गर्ने हबको रुपमा विकसित हुने थालेको छ। प्राकृतिक सौन्दर्यता र सास्कृतिक रुपले निकै धनी भएकोले पछिल्लो समय डकुमेन्ट्री बनाउन आउने मानिसको संख्या बढेको कनकासुन्दरी गाँउपालिकाले जनाएको छ। यसबाट सिञ्जाको प्रचारप्रसार र प्रवर्द्धनका साथै पर्यटनको विकास हुने गाउँपालिकाका अध्यक्ष नरविर रावतले बताए। साँस्कृतिक भौतिक, ऐतिहासिक बस्तु, रितिरिवाज, स्थानीय भाषा स्थानीय उत्पादन बस्तुहरुको ,डकुमेन्ट्री बनाउने ब्यक्तिहरु मार्फत वा डकुमेन्ट्री मार्फत प्रचार प्रचार हुने र आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्यामा पनि बृद्धि हुने अध्यक्ष रावतको विश्वास रहेको छ। यस्तै सिञ्जामा म्युजिक भिडियो समेत निर्माण कार्य पछिल्लो समय बढ्दै गएको छ। देशभर म्युजिक भिडियो सुटिङका लागि पनि आउने गरेको अध्यक्ष रावतको भनाई छ। यहाँका स्थानीय तहले समेत गित संगितको माध्यमबाट विश्व सामु चिनाउनको लागि सिञ्जाको ऐतिहासिकता, विविधता, सास्कृतिक पक्ष झल्किने गरी गित समेत बजारमा ल्याएका छन्। 'हामी सिञ्जाली' र 'रारा जाने मुल बाटोमा' जस्ता लोकप्रिय गितहरु बजारमा आएका छन्। सिञ्जाको समग्र गतिविधि झल्कने गित सञ्चार कर्मी, सर्जक, तथा गायत मोहन विक्रम शाहीको लेखन र सिञ्जा गाउँपालिकाको आर्थिक सहयोगमा गित निकालिएको हो। यस्तै प्रकारका थूप्रै गितहरु सिञ्जाको सेरोफेरोमा रहेर गित रचिएका छन्। लोक देउडा गायक छत्र बहादुर शाही लोक संगित र देउडा सिञ्जाबाट उत्पति भएको र त्यसपछि मात्र देशभर फैलिएको बताउँछन्। सिञ्जा क्षेत्रमा पर्ने तीन स्थानीय तहले समेत भ्रमण वर्षमा आउने पर्यटकलाई लोभ्याउनको लागि विषेश प्याकेट बनाएको जनाएका छन्।

# यिनी हुन क्यान्सर प्रतिरोधी खानेकुरा





अहिले संसारभरीका मानिसहरुको मृत्यु हुनेहरुमध्ये प्रमूख कारण क्यान्सर पनि एक हो। क्यान्सर एक सयभन्दा पनि धेरै किसिमका हुन्छन्। संसारभरीका धेरै मानिसहरु क्यान्सरको चपेटामा रहेको पाइन्छ। क्यान्सर हुनुको प्रमुख कारण हाम्रो खानपान रहेको छ। हामी जे खान्छौं, पिउँछौं, त्यसको सोझो प्रभाव हाम्रो स्वास्थ्यमा पर्छ। त्यसैले आज हामी त्यस्ता केही विशेष कुराहरुको बारेमा जानकारी दिँदैछौं, जसको सेवन गर्नाले क्यान्सर हुने खतरा कम हुन्छ।

**ओखर**

ओखरमा विभिन्न किसिमका स्वास्थवर्द्धक तत्वहरु पाइन्छ। केही अध्ययन अनुसार ओखर खानाले स्तन क्यान्सर हुँदैन। यसबाहेक प्रोस्टेट क्यान्सरमा पनि धेरै प्रभावकारी हुन्छ। यसको साथै डीएनएको सुरक्षामा पनि यो धेरै प्रभावकारी हुन्छ।

**क्यानबेरि**

क्यानबेरि फाइबर, भिटामिन (सी र एन्टि(अक्सिडेन्ट) को प्रमुख स्रोत हो। यसले शरीरमा उत्पन्न हुने क्यान्सरको तत्व समाप्त पार्छ।

**स्याउ**

स्याउको सेवन विभिन्न्ा किसिमका रोगहरुमा अति नै फाइदाजनक हुन्छ। यसमा भएको एन्टि(अक्सिडेन्ट र एन्टि इन्फ्लामेट्री गुणले क्यान्सरको खतरालाई धेरै कम गर्छ। विशेष गरेर ठूला आन्द्राको क्यान्सरमा स्याउको सेवन धेरै नै प्रभावकारी हुन्छ। प्रायः मानिसहरु स्याउको बोक्रा तासेर खान्छन्, तर स्याउको सेवन त्यसरी गर्दा धेरै नोक्सान हुन्छ। यदि तपाईलें स्याउ तासेर खाने बानी छाड्नु भयो भने त्यो तपाईंलाई धेरै फाइदाजनक हुन्छ।

**ब्लूबेरी**

ब्लूबेरीमा विभिन्न प्रकार गुणकारी तत्वहरु पाइन्छ। यसमा फाइटोकेमिकल, एलेजिक एसिड, युरोलिथिन जस्ता विभिन्न विशेष गुणहरु पाइन्छ। यसले हाम्रो डीएनएलाई हाम्रो शरीरमा समावेश फ्रि रेडिकल्सबाट सुरक्षा प्रदान गर्छ, जसले गर्दा क्यान्सरको खतरा कम हुन्छ। ब्लूबेरीको सेवनले मुख, ब्रेस्ट, कोलोन र प्रोस्टेट क्यान्सरको खतरा कम हुन्छ।

**ग्रीन टी**

पुरानो समयमा विभिन्न किसिमको रोगहरु उपचार गर्नका लागि चियाको साहारा लिने गरिन्थ्यो। ग्रीन टी र ब्ल्याक टीमा विभिन्न प्रकारका फाइदाजनक तत्वहरु पाइन्छ। एउटा अध्ययन अनुसार ग्रीन टीको सेवनले शरीरमा कोलोन, लिभर, ब्रेस्ट र प्रोस्टेट क्यान्सरका कोशिकाहरु बन्न पाउँदैनन्। त्यस्तै विभिन्न अध्ययनका अनुसार ग्रीन टी फोक्सो, छाला र पेटको क्यान्सरबाट पनि सुरक्षित राख्छ।

हाम्रो अनुरोध
सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्याऔं, गरिबी न्यूनिकरण गरौं।
कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

सान्नी त्रिवेणीको सन्देश
सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।
सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध
गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।
पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैंक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# रिचार्ज कार्डको नम्बर मेटिए पनि काम गर्ने

**मिसन न्यूज**

**काठमाडौं**

नेपाल टेलिकमका रिचार्ज कार्डमा अधिकांश नम्बर मेटिए पनि ग्राहकले रिचार्ज गर्न सक्ने भएका छन्। टेलिकमले ल्याएको नयाँ योजनाले रिचार्ज कार्डका कम्तीमा छवटा नम्बर देखिएको अवस्थामा ग्राहकले रिचार्ज गर्न सक्नेछन्। कार्डको पिन नम्बर प्रष्ट नभएमा वा कोरिएमा ग्राहकले नम्बर बिग्रिएको रिचार्ज कार्डको सिरियल नम्बर , रिचार्ज कार्डमा देखिने पिन नम्बर र रिचार्ज गर्नुपर्ने मोबाइल नम्बर उपलब्ध गराउनुपर्छ । यसका लागि कम्पनीको वेबसाइटमा गएर पिन रिकभरीमा क्लिक गर्ने वा सिधै http://pinrecovery.ntc.net.np मा लग अन गर्नुपर्छ । रिचार्ज कार्डमा भएका १६ अंकका पिन नम्बरमध्ये कमसेकम छवटा अंक देखिने हुनुपर्छ । यसरी देखिने पिन नम्बरलाई कार्डमा लेखिएको अवस्थामा राख्नुपर्छ र मेटिएको अंकमा * चिन्ह राख्नुपर्छ । जस्तो कि पिन नम्बरको फर्म्याट १२३४५६७८९०१२३४५६ छ र बीच बीचका पिन नम्बर मेटिएको वा नबुझिने छ भने त्यहीअनुसार १**४५*७***१२**५* संरचनाबमोजिम राख्नुपर्छ । यसरी रिचार्ज गर्दा पनि गलत भयो भने बढीमा १० पटकसम्म प्रयास गर्न सकिन्छ। योभन्दा बढी पटक गलत तरिकाले रिचार्ज गर्न खोजियो भने वेबसाइटबाट सफल हुँदैन र रिचार्ज कार्ड साट्नका लागि कम्पनीको काउन्टरमै जानुपर्ने हुन्छ। कमसेकम ६ अंक पनि नदेखिएमा भने साट्न वा रिचार्जका लागि काउन्टरमै जानुपर्छ। यसअघि सबै प्रकारका कार्ड साट्नका लागि कम्पनीको काउन्टरमै पुग्नुपर्ने बाध्यता रहेकोमा यो व्यवस्थापछि हटेको छ । काउन्टरमा गएपछि यसको जाँच गरेर सोही मूल्यको नयाँ रिचार्ज कार्ड दिने व्यवस्था छ। भविष्यमा कम्पनीको एप 'नेपाल टेलिकम' र सर्ट कोडमार्फत एसएमएस पठाएरसमेत रिचार्ज कार्ड साट्न सकिने व्यवस्था गर्ने योजना रहेको टेलिकमले जनाएको छ।

# राष्ट्रपतिद्वारा प्रधानमन्त्रीमा मारिन नियुक्त

**एजेन्सी**

**फिनल्याण्ड**

फिनल्याण्डको सोसल डेमोक्र्याटिक पार्टीकी नेत्री सन्ना मरिन प्रधानमन्त्रीमा नियुक्त भएकी छिन्। फिनल्याण्डका राष्ट्रपति सौली निनिस्टोले ३४ वर्षीया मारिनलाई प्रधानमन्त्रीमा नियुक्त गरेसँगै उनी विश्वका बहालवाला प्रधानमन्त्रीहरूमध्ये उमेरले सबैभन्दा कान्छो उमेरकी प्रधानमन्त्री बनेकी छिन् । साथै उनी फिनल्याण्डको तेस्रो महिला प्रधानमन्त्री भएकी छिन्। मारिन नेतृत्वको सरकारमा १२ जना मन्त्री पनि महिला नै बन्ने तय भइसकेको छ। सो मन्त्रीमण्डलमा पुरुष भने सात जना मात्रै रहने जनाइएको छ । पार्टी र गठबन्धनले केही दिन अगाडि प्रधानमन्त्री बनाउन चयन गरेपछि मारिनलाई मङ्लबार संसद् बैठकले पनि प्रधानमन्त्रीको रूपमा निर्वाचित गरेको थियो ।



संसद्मा भएको निर्वाचनमा उनले ९९ मत पाएकी थिइन् भने ७० जनाले उनको विपक्षमा मत हालेका थिए । त्यसैगरी अरू ३० जना सांसद अनुपस्थित भएका थिए । फिनल्याण्डको संविधानअनुसार संसद्मा सबैभन्दा ठूलो दल एसडीपीले प्रधानमन्त्रीका रूपमा सिफारिस गरे पनि त्यसलाई संसद्ले अनुमोदन गर्नुपर्ने हुन्छ। प्रधानमन्त्री पदबाट राजीनामा दिएका अन्तिरिन्नेको पार्टीले मन्त्रीसमेत रहेकी मरिनलाई प्रधानमन्त्री बनाउने निर्णय गरेपछि उनी प्रधानमन्त्री बन्ने निश्चित भएको थियो । उनी आफ्नो पार्टीकी उपाध्यक्ष पनि हुन्। उनले आफ्नो पार्टी अध्यक्षले बिरामी बिदा लिँदा गत वर्ष पार्टीको नेतृत्व सम्हालेकी थिइन् भने सन् २०१५ देखि उनले फिनल्याण्डको जनप्रतिनिधिका रूपमा संसद्मा प्रतिनिधित्व गर्दै आएकी छिन्। प्रधानमन्त्री बन्नुअघिसम्म उनी निवर्तमान सरकारमा गत जुन महिनादेखि यातायात तथा सञ्चार मन्त्री बनेकी थिइन्। हुलाक सेवामा भएको हडतालको विषयले नराम्रो रूप लिँदै गएपछि निवर्तमान प्रधानमन्त्री रिन्नेले विश्वासको मत गुमाएर राजीनामा दिएका हुन् । उनलाई गठबन्धनमा रहेकै दलका सांसदहरूले असहयोग गरेका थिए। निवर्तमान प्रधानमन्त्रीलाई असहयोग गरेका दलहरू पनि नयाँ गठबन्धनसमेत सँगै रहेका छन् । गठबन्धनमा सोसल डेमोक्र्याट्स, सेन्टर, ग्रिन्स, लेफ्ट एलाइन्स र स्वेडिस पिपल्स पार्टी रहेका छन् । उनीहरूमध्ये सेन्टरले निवर्तमान प्रधानमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको हो। गत अप्रिलमा गरिएको निर्वाचनबाट सोसल डेमोक्र्याटिक पार्टी ठूलो दल बनेको छ।

# साताको भाग्यफल

| | |
|---|---|
| **मेष :** | प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउलान्। तापनि प्रयत्न गर्दा विगतका कमजोरी लाई सच्याउन सकिनेछ। अजीर्ण तथा पेटको कमजोरीले सताउन सक्छ। तापनि पढाइलेखाइमा सामान्य प्रगति हुनेछ। |
| **वृष :** | प्रारम्भमा विशेष अवसर प्राप्त भए पनि सहयोगीहरूको भरपर्दा पछि परिनेछ। काम बिग्रने डरले सताउनेछ। साझेदारीमा समस्या आउनाले पहिलेको सम्झौता भंग हुन सक्छ। साइनो गाँस्नेहरूले दुःख दिन सक्छन्। जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला। |
| **मिथुन :** | समयमा आँट गर्न नसक्दा काममा केही चुनौती देखा पर्नेछन्। पठनपाठनमा त्यति ध्यान दिन नसकिएला। मंगलवार र बुधवार स्थिति अनुकूल बन्नुका साथै प्रयत्न गर्दा लक्ष्य पूरा हुनेछ। प्रतिद्वन्द्वीहरूलाई तह लगाउन सकिनेछ। व्यापारमा फाइदा हुनेछ। कामले अरूलाई आकर्षित गर्न सकिनेछ। |
| **कर्कट :** | प्रारम्भमा रमाइलो पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। तर स्वास्थ्य कमजोर रहनेछ भने परिस्थिति अलि असहज हुन सक्छ। फजुल खर्च बढ्नुका साथै वादविवादमा परिने सम्भावना छ। अवसर प्राप्त भए पनि आफ्नैले काम बिगार्न सक्छन्। |
| **सिंह :** | खर्चिलो काम गर्नुपर्ने देखिएकाले रकम जोहो गर्न सरसापट लिनुपर्ला। कमजोर नतिजा सच्याउन काम दोहोर्‍याउनुपर्ने देखिन्छ। मंगलवार र बुधवार भेटघाट र खानपानमा समय बित्नेछ। विभिन्न कामका अवसर पनि आउनेछन्। विशेष उपहारका साथै धनलाभ हुनेछ। |
| **कन्या :** | सुरुमा काम बन्नाले आम्दानी बढ्नेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। खट्किएको आवश्यकता पूरा गर्न सकिनेछ। मंगलवारदेखि खर्च बढ्नाले आर्थिक अभावको अनुभूति हुनेछ। तापनि टाढाका साथीभाइसँगको सम्बन्धले लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। |
| **तुला :** | सुरुमा हिम्मत गर्न नसक्दा काममा विलम्ब हुनेछ। आफ्नैले पनि धोका दिन सक्छन्। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। तापनि मंगलवार र बुधवार आँटेका काम बन्नाले मनग्गे फाइदा हुनेछ। व्यवसायमा राम्रै आम्दानी हुनाले भैपरी आउने समस्या टर्नेछन्। |
| **वृश्चिक :** | सुरुमा अरूका लागि जुट्नुपरे पनि आफ्नै भाग्योन्नति हुनेछ। अनुभव देखाएर उपलब्धि हातपार्ने समय छ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ। विशिष्ट व्यक्ति भेट्ने अवसर जुट्नेछ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। |
| **धनु :** | प्रारम्भमा केही झमेला आउन सक्छन्। आफन्त टाढिनेछन् भने अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। तापनि मिहिनेत गर्दा चुनौती पार लगाउन सकिनेछ। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने सुखदुःखमा साथ दिनेहरू प्रशस्तै फेला पर्नेछन्। |
| **मकर :** | सुरुमा प्रियजनसँग भेटघाट हुनाले रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। मंगलवारदेखि खर्चको मात्रा बढ्नेछ। व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। शुक्रवारसम्म परिस्थिति केही असहज रहन सक्छ। स्वास्थ्यमा पनि कमजोरी देखापर्नेछ। |
| **कुम्भ :** | प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ। खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ। चिताएको काम बन्नाले जोश-जाँगर बढ्नेछ। दिगो फाइदा हुने काम हातलागी हुनेछ। तर परिवारजनका आवश्यकता पूरा गर्न समय लाग्नेछ। |
| **मीन :** | सुरुमा अस्वस्थताका बीच कामको जिम्मेवारी बढ्न सक्छ। काममा बाधा र चुनौती देखिनेछन्। अरूको स्वार्थमा उपयोग भइनेछ, सजग रहनुहोला। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै राजनीति र नोकरीमा प्रसिद्धि बढ्नेछ। व्यवसायबाट सोचेको लाभ मिल्नेछ। |

जिल्ला प्रशासन कालिकोट द.नं.१२/०७३/०७४ 'ख' वर्गको पत्रिका www.missionenews.com जि.हु.का. द.नं. ४/०७३/०७४

मिसन न्यूज
www.missionenews.com

२०७६ मंसिर २५ गते बुधबार | 11 December 2019 Wednesday | अन्तिम पृष्ठ | ८

## ३ जिल्लामा ३ वर्षभित्र..................

पूरा गर्न विद्युत् प्राधिकरण, सामुदायिक विद्युतीकरण र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आआफ्नो क्षेत्रबाट ऊर्जा उत्पादन तथा विस्तार गरिरहेको अवस्था छ', अध्यक्ष ज्ञवालीले भने, 'विद्युत् प्राधिकरण नपुगेको ठाउँमा उपभोक्ताको अग्रसरतामा सामुदायिक विद्युतीकरणको अवधारणा लागू गरेर विद्युत् सेवा विस्तारको काम भइरहेको छ ।' उनले सुर्खेत र दैलेखमा विद्युतीकरणका लागि करिब रु एक अर्ब लाग्ने बताए । सरकारले चालू आवमा ४० जिल्लालाई पूर्ण विद्युतीकरण गर्ने लक्ष्य लिएको छ। सुर्खेतमा बुधबार सञ्चारकर्मीसँग कुरा गर्दै विद्युतीय चुलोका अभियन्तासमेत रहेका ज्ञवालीले सरकारले खाना पकाउने एलपी ग्याँसमा दिएको अनुदानको सट्टा विद्युत् महशुलमा छुट दिने हो भने उपभोक्ताको पैसा बचत हुने धारणा राखे ।

## चिसोले आगो बालेरै..................

मङ्सिर २५ गतेदेखि वार्षिक परीक्षा सञ्चालन गरेका छौँ , हिमपातले विद्यार्थी शिक्षक सबैलाई परीक्षा दिन लिन गाह्रो भएको छ ।' चिसोले जुम्लाका आवासीय विद्यालयका बालबालिकाको परीक्षा सञ्चालन हुन सकेको छैन । हिमपातले हिमाली जनजीवन पनि कष्टकर भएको छ । गरीब घरपरिवार, ज्येष्ठ नागरिक, सुत्केरी महिला तथा बालबालिकालाई चिसोले बढी प्रभावित बनाएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा अर्जुनप्रसाद तिवारीले जानकारी दिनुभयो । डा तिवारीले तातोपानी खान, न्यानोमा बस्न, औषधि नियमित सेवन गरिराख्न, झोलिलो तातोतातो चीज खान आग्रह गरे । कर्णालीका हुम्ला, डोल्पा, मुगु, कालीकोट र जाजरकोट जिल्लावासीको दैनिकी बढी कष्टकर बनेको बताइएको छ ।

सरकारी कर्मचारी आगो बालेर कार्यालय सञ्चालन गरिरहेका जुम्लाका निमित्त प्रमुख जिल्ला अधिकारी देवेन्द्र श्रेष्ठले जानकारी दिए । चिसो भए पनि सेवा प्रवाह गरिरहेका छौँ । हिजोअस्तिभन्दा हिमपातले सेवाग्राहीको आगमन घटेको निमित्त प्रजिअ श्रेष्ठले बताए ।

## आगोले ध्वस्त खाँडामा..................

आएको बताईन । पलाता जस्तो जिल्लाकै विकट क्षेत्रमा यस्ता किसिमका महत्वपुर्ण काम गर्ने परियोजनालाई गाउँपालिकामा आवश्यक रहेको बताइन् । कार्यपालिकाको लागि निकै राम्रो भएको गाउँपालिका उपाध्यक्ष दाना न्यौपानेले बताइन् । आगोले खरानी बनेको यो बस्तीमा एक घर एक धाराले यहाँका पीडितहरुलाई ठुलो राहत हुने बताइन् । स्वच्छ खानेपानीको प्रयोग, व्याक्तिगत सरसफाईसाथै करेसावारी खेतीबाट पोषण यूक्त हरियो तरकारी उत्पादनगर्ने उद्देश्यका साथ खाडा एक घर एक धारा बहु उपयोगी परियोजनाको निर्माण कार्य शुरु गरिएको कुरा क्याप्स कर्णाली परियोजनाका संयोजक नरेन्द्र शाहीले बताए । आगलागि भएको एक वर्ष पुग्दा समेत कुनै निकायले खानेपानिको व्यवस्था गरेका छैनन् । सारै दुख र कष्टमा खानेपानि खानु परेको स्थानिय धर्मराज न्यौपानेले बताए । बल्ल एक घर एक धारा निर्माण हुने भयो । सारै खुसी लागेको छ ।

## मानसिक रोगीको.......................

रोगीमध्ये ६० प्रतिशत दिक्दारीपन (डिप्रेसन), १५-२० प्रतिशत चिन्ताजन्य रोग ५-१० प्रतिशत कडा खालका मानसिक रोग र ५-१० प्रतिशत छारेरोग, मादक पदार्थ तथा लागुऔषध दुर्व्यसनीको लतका रोगीहरु रहेको प्रदेश अस्पतालको अभिलेखमा छ ।

### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचार गरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

### सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन र राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

**- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।**

**- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।**

**- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।**

**- खुला रूपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।**

**- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।**

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

### बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ ।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्री उत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.6,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत